# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

☎ ०८३-५४०१५५
☎ ०८३-५४०३१०, ३११,३१२
✉ info@bherigangamun.gov.np
✉ ito.bherigangamun@gmail.com
Website: www.bherigangamun.gov.np
☎ Toll Free 18105000311


पत्र संख्याः-२०८१/०८२

चलानी नं. ३०१०

मितिः- २०८२/०२/२६ गते

बिषयः- कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान मागका लागि प्रस्ताव पेश गर्ने बारे।

श्री सबै सामुदायिक आ.वि. र मा.वि.हरु,
भेरीगंगा नगरपालिका, सुर्खेत ।

आ.ब. २०८१/०८२ को शिक्षा सर्शत तर्फ २.७.१३.१३ मा पर्ने शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि तोकिएको प्रक्रिया पुरा गरी एक हसा भित्र प्रस्ताव पेश गर्न सबैमा जानकारी गरिन्छ।तोकिएका म्याद भित्र नआएका प्रस्तावहरु अमान्य हुनेछन ।

<u>तपशिलः-</u>

१. प्रोत्साहन अनुदान दावि गर्न आधारभुत तह (१-८) का लागि १०० भन्दा बढी र माध्यमिक तहका लागि २०० भन्दा बढी बालबालिका अध्ययन भएको हुनु पर्नेछ ।
२. सामाजिक परीक्षण मापदण्ड २०७८ अनुसार आ.ब. २०८०/०८१ र २०८१/०८२ मा प्राप्त गरेको समष्टिगत अंक पेश गर्नुपर्ने ।
३. गत दुई शैक्षिक बर्षको कक्षा ५,८ र १० को परीक्षाको परिणाम र सुधारका लागि गरिएको कार्यक्रम एवं प्रगति सहित पेश गर्नु पर्नेछ ।
४. विद्यालयले बार्षिक शैक्षिक योजना अनुसार शैक्षिक सत्र २०८१ देखि हाल सम्म विद्यालयले शैक्षिक उपलब्धी वृद्धिका लागि विद्यालय व्यवस्थापन समिति/ शिक्षक अभिभावक संघ/अभिभावक भेला बाट भएका प्रयासहरु र प्रगतिका प्रमाणित अभिलेखहरु ।
५. विद्यालयले अतिरिक्त क्रियाकलाप, अन्तरक्रिया, अवलोकन, भ्रमण गरेकोकार्यहरुको प्रगति एवं प्रयासहरु समावेश गर्नुपर्ने।(२०८१ श्रावण देखि २०८२ जेष्ठ २५ गते सम्म )
६. विद्यालयले आफ्नै प्रयासमा गरेका नवप्रवर्तनात्मक कार्यहरु प्रमाण सहित पेश गर्नुपर्ने ।
७. सम्पुर्ण माग गरिएका कागजातहरु विद्यालय व्यवस्थापन समितिको निर्णय गराई प्रस्तावना पेश गर्नुपर्नेछ।
८. प्रगति विवरणका आधारमा उत्कृष्ट प्रथम र द्बितीय क्रमशः- तीन लाख र दुई लाख प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ। प्राप्त हुने रकमको प्रस्तावित कार्यक्रम र बजेट सहित पेश गर्नुपर्नेछ।

२०८२।२।२६